# आपत्कालीन सानो रकम जस्ता विशेष ऋणको ऋण फिर्ता छुट बारे

यो कोष सरकारले तोकेको सर्तहरु ऋण लिएको व्यक्तिलाई लागू भएको खण्डमा "ऋण फिर्ता छुट (फिर्ता गर्नु नपर्ने)" हुन्छ।
रेइवा संवत् 6(सन् 2024)मा,"तपाईं (ऋण लिएको व्यक्ति)" र "तपाई (ऋण लिएको व्यक्ति) को परिवारको मुख्य व्यक्तिलाई " दुवैको "निवासी कर प्रति व्यक्ति दर र आय दर दुवै कर छुट (निवासी कर तिर्न आवश्यक छैन)" दिइयो भने, तपाईंले रेइवा संवत् 6 (सन् 2024)मा ऋण फिर्ता छुटको लागि आवेदन दिन सक्नुहुन्छ।

* "तपाईं (ऋण लिएको व्यक्ति)" "परिवारको मुख्य व्यक्ति" भएको खण्डमा "तपाईं (ऋण लिएको व्यक्ति)"ले "निवासी कर प्रति/आए दर दुवै पनि कर छुट भएको (निवासी कर तिर्न आवश्यक छैन)" भए ऋण फिर्ता छुटको आवेदन दिएर प्रक्रिया गर्न सकिन्छ।

तपाईंलाई" ऋण फिर्ता छुट" हुन्छ कि हुँदैन र "ऋण फिर्ता छुट" पाउनका लागि के गर्न आवश्यक छ भनेर थाह पाउन आवश्यक जानकारी यस पत्रमा व्याख्या गरिनेछ। त्यसैले कृपया यसलाई ध्यानपूर्वक पढ्नुहोस् र आवश्यक प्रक्रियाहरू गर्नुहोस्।

## 1 तपाईंले प्रयोग गर्नुभएको कोष जाँच गर्नुहोस्

| कोषका प्रकारहरू | ऋण लिने अवधि | ऋणको अधिकतम रकम |
|---|---|---|
| आपत्कालीन सानो रकम कोष | | 200,000 येन |
| समग्र सहयोग कोष (प्रारम्भिक ऋण) | पहिलो महिना□तेस्रो महिना | एकल परिवार मासक 150,000 येन<br>धेरै जनाको परिवार मासिक 200,000 येन |
| समग्र सहयोग कोष (लम्ब्याइएको ऋण)* | चौथो महिना□छैटौं महिना | |
| समग्र सहयोग कोष(पुन:ऋण) | पहिलो महिना□तेस्रो महिना | एकल परिवार मासक 150,000 येन<br>धेरै जनाको परिवार मासिक 200,000 येन |

* 「लम्ब्याइएको ऋण」 भन्नाले प्रारम्भिक ऋणको उधारो अवधि विस्तार गरिएको (निरन्तर प्रयोग) ऋणलाई भनिन्छ । सन् 2020 जुलाईदेखि सन् 2021 जुनसम्म आवेदन लिइएको थियो।




## 2 ऋण फिर्ता छुट पाउने रकम


| | |
|---|---|
| समग्र सहयोग कोष **पुन:ऋण** | बाँकी रहेको सबै रकम |
| **सन् 2024 मा ऋण फिर्ता (पैसा फिर्ता गर्नु) सुरु गरें।** आपत्कालीन सानो रकम कोष वा समग्र सहयोग कोष (प्रारम्भिक ऋण, लम्ब्याइएको ऋण) | ऋण फिर्ता सुरु गरेपछि 13औं महिनापछि फिर्ता गरिसक्ने योजना भएको रकम |
| **सन् 2023 मा ऋण फिर्ता (पैसा फिर्ता गर्नु) सुरु गरें।** आपत्कालीन सानो रकम कोष वा समग्र सहयोग कोष (प्रारम्भिक ऋण, लम्ब्याइएको ऋण) | ऋण फिर्ता सुरु गारेपछि 25औं महिनापछि फिर्ता गरिसक्ने योजना भएको रकम |

* रेइवा संवत् 6 (सन् 2024) डिसेम्बर सम्म ऋण फिर्ताको म्याद सकिने आपत्कालीन सानो रकम कोष लक्षित हुँदैन।


**उदाहरण1) समग्र सहयोग कोष (प्रारम्भिक ऋण) 600,000 येन, सन् 2023 जनवरी देखि 10 वर्षमा फिर्ता गर्ने योजना रहेको खण्डमा**





**उदाहरण2) समग्र सहयोग कोष (प्रारम्भिक ऋण) 450,000 येन, सन् 2023 जून देखि 5 वर्षमा फिर्ता गर्ने योजना रहेको खण्डमा**




**उदाहरण3) समग्र सहयोग कोष (लम्ब्याइएको ऋण) 450,000 येन, सन् 2024 जनवरी देखि 10 वर्षमा फिर्ता गर्ने योजना रहेको खण्डमा**



## 3 ऋण फिर्ता छुटको लागि योग्य छ कि छैन हेर्नुहोस्




1 ऋण फिर्ता छुट हुँदैन → 6 मा जानुहोस्।

2 ऋण फिर्ता छुटको लागि आवेदन दिनुहोस् → 4 मा जानुहोस्।

3 कृपया तपाईंको “सन् 2024 सालको निवासी करमा छुट हुन्छ कि हुँदैन”? पक्का गर्नुहोस्मा → 5 जानुहोस्।


4 कृपया तपाईंको र परिवारको मुख्य व्यक्तिको “सन् 2023 सालमा निवासी करमा छुट भएको छ कि भएको छैन?” पक्का गर्नुहोस् → 5 मा जानुहोस्।

* ऋण लिँदा परिवारको मुख्य व्यक्ति अर्कै व्यक्ति भएको खण्डमा अरु कागजात पेश गर्नुपर्ने पनि हुन सक्छ।

## 4 ऋण फिर्ता छुटको आवेदन दिने तरिका

- **आवेदन अन्तिम मिति** सन् 2024 अगस्त 31 तारिख (पोष्टमार्क सोही दिन सम्मको स्वीकार्य हुनेछ।)
- **आवश्यक कागजात** ①ऋण फिर्ता छुट आवेदन फाराम (यसै खाममा भएको कागजात 2)
  ②निवासी दर्ता ("सबै परिवारका सदस्यहरू" उल्लेख गरिएको, 3 महिना भित्र जारी भएको)
  ③सन् 2024 साल को कर छुट प्रमाणपत्र (रकममा*चिन्ह नभएको)
  *①को लेख्ने तरिका थाहा नभएमा विशेष ऋण कार्यालय वा तपाईं बसोबास गर्ने महानगरपालिका/उपमहानगरपालिका/गाउँपालिकाको समाज कल्याण परिषद्सँग परामर्श लिनुहोस्।
- **आवेदन दिने ठाउँ** 〒119-0213 टोक्यो प्रदेश समाज कल्याण परिषद् विशेष ऋण कार्यालय
  *ठेगाना लेख्नु पर्दैन।
  *यस चिठ्टीसँगै हालिएको नीलो खाम (यसमा हुलाक टिकट टाँस्नु पर्दैन)मा ①②③ हालेर पोस्ट बाक्समा हाल्नुहोस्।

## 5 निवासी करबारे निश्चय गर्ने तरिका




- **आ.व.2024सालमा <u>कर छुट थियो</u>** ➔ 4 मा
- **आ.व.2024सालमा कर <u>भुक्तानी गर्नुपर्ने थियो</u>** ➔ 6 मा

## 6 ऋण फिर्ता छुट नहुने खण्डमा

ऋण फिर्ता गर्ने समय सुरु हुनु अघि तपाईंलाई सूचना पठाइनेछ। ठेगाना परिवर्तन भएको जस्तो अवस्थामा **"निवासी दर्ताको प्रतिलिपि" "ड्राइभिङ लाइसेन्सको प्रतिलिपि"▯”माइ नम्बर कार्डको प्रतिलिपि" "जाइर्यू (निवासी) कार्डको प्रतिलिपि"**

मध्ये कुनै कागजात विशेष ऋण कार्यालयमा पेश गर्नुहोस्।

*कोठा सर्नुअघि र सरेपछिको ठेगाना लेखिएको हुनु पर्छ।

## 7 ऋण फिर्ता छुट आवेदन प्रक्रिया पूरा भएपछि

सन् 2024 सेप्टेम्बरको अन्तितिर वा सोभन्दा पछि  फिर्ता छुट भएको छ कि छैन भनेर  जानकारी दिइनेछ।
यस पटक फिर्ता छुट नपाएको व्यक्तिलाई चाहिं अर्को वर्ष, हामी ऋण फिर्ता छुटको बारेमा जानकारी दिने भएकोले तपाईंको ठेगाना परिवर्तन भएको जस्ता अवस्थामा अनिवार्य रुपमा जानकारी दिनुहोस्।

### सम्पर्क स्थान

〒119-0213 टोक्यो महानगरपालिका समाज कल्याण परिषद्  विशेष ऋण कार्यालय
☎050-3668-5012 (सम्पर्क समय: सोमबार देखि शुक्रबार 9:30～17:30)
https://www.tcsw.tvac.or.jp/coronatokurei/index.html